## मिति : २०७४/१२/२९ गतेको नगर कार्यपालिकाको बैठकका निर्णयहरु :-

१. व्यवसायिक कर असुली सम्बन्धमा :

निर्णय : नगरपालिकाबाट तोकिएको लक्ष्य अनुसार आन्तरिक राजस्वको तुलनामा हालसम्म न्यून राजस्व उठेको देखिएबाट न.पा. क्षेत्रभित्र व्यवसाय संचालन गरी करको दायरा भित्र नआएका व्यवसायीहरू सँग वडा प्रतिनिधीज्यूहरूबाट समन्वय गरी राजस्व असुलीलाई जोड दिनका लागि वडा अध्यक्षज्यूहरुको सयोजकत्वमा वडा सदस्यहरु रहने र वडा सचिव सदस्य सचिव हुने गरी राजस्व सङकलन गर्नका लागि सक्रिय भै लाग्ने र दर्ता नभई संचालनमा रहेको व्यवसायीहरूलाई दर्ता भई व्यवसाय संचालन गर्नको लागि अनुरोध गर्ने निर्णय गरियो ।

२. विगत बैठकहरुको निर्णय कार्यान्वयन सम्बन्धमा ।

निर्णय : यस बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठकहरुबाट विगतमा भए गरेका निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्न गराउनको लागि प्रमुख प्रशासकीय अधिकृतलाई ध्यानाकर्षण गराउने निर्णय गरियो ।

३. स्वास्थ्य शिविर संचालन सम्बन्धमा ।

निर्णय : यस बुद्धभूमी नगरपालिकाको प्रथम नगर सभाबाट पारित कार्यक्रम ब्रमोजिम स्वास्थ्य सम्बन्धि पाठेघर शिविर वडा नं. ६ महुवा साथै एकिकृत स्वास्थ्य शिविर वडा नं. ४ को भृकुटी मा.वि. बुड्ढीमा संचालन गर्ने निर्णय भए अनुसार उक्त कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सम्पूर्ण नगरवासीहरुमा सूचना प्रभावकारी गरी सबैको सहभागितामा सम्पन्न गर्नको लागि सम्बन्धित वडा नं. ४ र ६ को वडा अधयक्षज्यूको संयोजकत्वमा वडा सदस्य र सम्बन्धित स्वास्थ्य संस्था/ महिला स्वंय सेविका / शिक्षक प्रतिनिधि समेतको वडा स्तरीय तयारी समिति गठन गर्ने सो को सदस्य सचिवको काम वडा सचिवले गर्ने निर्णय गरियो ।

४. सडक सौर्य बत्ती जडान सम्बन्धमा ।

निर्णय : यस नगरपालिकाको प्रथम नगर सभाबाट विनियोजित सौर्य उर्जा कार्यक्रम अन्तर्गत लागत सहभागितामा केन्द्रबाट प्राप्त हुने अनुदान बजेटको सम्भावना नदेखिएबाट उक्त रकम रु. २५,००,०००।– (अक्षरेपी पच्चीस लाख) नपुग देखिएबाट लागत सहभागिता तर्फको ५०/५० कार्यक्रम मध्येको बाँकी रकमबाट रु. ५ लाख उक्त कार्यक्रमा थप गरी लागत सहभागिता ६०/४० कार्यक्रम संचालन गर्न सूचना जारी गरी माग गर्ने साथै निम्न स्थानहरुमा जडान कार्य गर्नको लागि नगर स्तरीय उपभोक्ता समिति गठनको लागि प्राविधिक शाखा इन्जिनियर युवराज पोखरेललाई कामको जिम्मेवारी दिने भनी निर्णय गरियो ।

**तपसिलः**

१. नगरपालिका कार्यालय- १ जडान

२. वडा नं. ४ बुड्ढी मिलटोल चोक -१ जडान

३. वडा नं. २ गोरुसिङ्गे अर्घाखाँची चोक -१ जडान

४. वडा नं. १ बसन्तपुर चोक -१ जडान

Scanned by CamScanner

५. वडा नं. १ भेलाई चोक -१ जडान

६. वडा नं. १ चफेला चोक - १ जडान

७. वडा नं. १ टिक्कर चोक -१ जडान

**हाट बजारहरु :**

१. वडा नं. ९ इमिलिया हाट बजार -१

२. वडा नं. २ गोरुसिङ्गे हाट बजार -१

३. वडा नं. १ टिक्कर हाट बजार -१

४. वडा नं. ५ प्रेमनगर हाट बजार -१

**प्रमुख चोकहरु:**

१. वडा नं. २ गोरुसिङ्गे तौलिहवा चोक -१

२. वडा नं. २ गोरुसिङ्गे आर्मी गेट अगाडी -१

३. वडा नं. ५ बेसक्याम्प चौरी -१

४. वडा नं. ७ महुवा चोक -१

५. वडा नं. १० चेतरदेही चोक -१

६. वडा नं. ८ पचिगाई चोक -१

**धार्मिक स्थल :**

१. वडा नं. ७ महादेवाघाट– १

५. इमिलिया स्वास्थ्य चौकीमा सोलार बत्ती जडान सम्बन्धमा।

निर्णय : यस नगरपालिका अन्तर्गत रहेको इमिलिया स्वास्थ्य चौकीमा प्रसुती सेवा सञ्चालन हुँदै आएको र उक्त स्वास्थ्य चौकीमा विद्युत लाइन नरहेको अवस्थामा असहज हुने सेवा प्रवाहमा कठिनाई हुने भएकोले सोलार बत्ती जडानको लागि सोही शिर्षक मध्येबाट रु. २,५०,०००।– दुई लाख पचास हजार विनियोजन गरी जडान कार्य सम्पन्न गर्ने निर्णय गरियो। साथै दुविया स्वास्थ्य चौकी भवन निर्माणको क्रममा रहेको हुँदा सम्पन्न भएको बखतमा रकम विनियोजन गरी सोलार बत्तीको व्यवस्थापन समेत गर्ने निर्णय गरियो।

६. एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७४ सम्बन्धमा।

निर्णय : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र अनुसार २०७५ श्रावण १ गतेदेखि सम्पूर्ण स्थानीय तहहरुमा एकीकृत सम्पत्ति कर लागु गर्नुपर्ने भएकोले यस बुद्धभूमी न.पा. को क्षेत्र भित्र कुनै पनि व्यक्तिको स्वामित्वमा रहेको सम्पूर्ण जग्गा र त्यस्तो जग्गामा बनेका संरचना (घर टहरा, गोदाम, ग्यारेज, कम्पनी, फर्म, संस्था) हरुको मुल्यांकन गरी एकीकृत रुपमा सम्पत्ती कर लागु गरी स्थानीय स्रोतको परिचालनमा सक्षम र प्रभावकारी बनाउनका लागि एकिकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७४ पारित गर्न कार्यपालिकाका सम्पूर्ण सदस्यहरुलाई अध्ययनका लागि नमूना ड्राफ्ट वितरण गर्ने र उक्त कार्यविधि अगामी कार्यपालिकाको बैठकबाट स्वीकृत गरी एकीकृत सम्पत्ति कर प्रकृया अगाडी बढाउने निर्णय गरियो।

केशव कुमार ... नगर प्रमुख

Scanned by CamScanner

७. कर्मचारी सम्बन्धमा ।

निर्णय : यस नगरपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरुमा कार्यरत करार/ ज्यालादारी कर्मचारीहरुको स्थानीय स्वास्थ्य संस्थाबाट म्याद थप सिफारिस, हाजिरी प्रमाणित तथा कार्य निरन्तरताको परिपत्रका आधारमा तोकिएको पारिश्रमिक निकासा दिने र शहरी स्वास्थ्य क्लिनिक र स्वास्थ्य चौकीहरुमा अत्यावश्यक कर्मचारी राख्नु पर्ने भएमा नगर प्रमुखको तोक आदेश र परामर्शमा प्रमुख प्रशाकीय अधिकृतले दैनिक ज्यालादारीमा कर्मचारी राख्ने भनी निर्णय गरियो ।

८. IEE शुरु गर्ने सम्बन्धमा ।

निर्णय : यस बुद्धभूमी नगरपालिका अन्तर्गतमा रहेका खोला नालाहरुमा हाल सम्म जिल्ला समन्वय समिति कपिलवस्तुबाट ठेक्का व्यवस्थापन गर्दै आएकोमा आगामी आ.व. २०७५/०७६ देखि स्थानीय तहहरुलाई अधिकार प्राप्त भएकोले सो को ठेक्का व्यवस्थापन प्रारम्भिक्र वातावरण प्रभाव मुल्याङ्कन (IEE) गर्नुपर्ने आवश्यक देखिएबाट तपसिलका नदी, खोला नालाहरुको ढुङ्गा, गिट्टी, बालुवा, माटो संकलन तथा निकासीको लागि ठेक्का व्यवस्थापन गर्नको लागि IEE गर्नको लागि लाग्ने प्रक्रिया शुरु गर्न शाखा अधिकृत श्री केशबराज भट्टराईलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**तपसिल:**

१) कुन्द्राखोला - टिक्कर नाका

२) गुडुरुङ्ग खोला - पत्थरकोट/ विरपुर नाका/ चंघाट नाका/ रनगाई नाका

३) घोघवा/ अगिया/ कुचिया/ झिगवा खोला

४) इमिलिया पुलदेखि दक्षिण हरदासडी घाट सम्म

५) वाणगंगा तिलौरीघाट/ रामघाट/ बिजगौरी घाट / खारखानी नाका

९. कवाडी ठेक्का सम्बन्धमा ।

निर्णय : यस बुद्धभूमी नगरपालिका क्षेत्रभित्रबाट कवाड संकलनको लागि आगामी बैठकबाट रु. ४ लाख न्यूनतम मुल्य कायम गरी सूचना प्रकाशित गरेकोमा उक्त ठेक्काको लागि कुनै पनि आवेदन पर्न नआएकोले ठेक्का अंक बढी भएको भन्ने बुझिन आएकोले उक्त न्यूनतम अंक लाई संशोधन गरी रु. ३ लाख कायम गरी पुन सूचना गर्ने निर्णय गरियो ।

१०. अन्य विविध (योजना) आगलागी/ आर्थिक सहयोग सम्बन्धमा ।

निर्णय : क) बुद्धभूमी नगरपालिका वडा नं. ७ सेखुनीया गाउँमा मिति २०७४।१२।०२ मा आगलागी हुँदा चार घर आगलागी भै क्षति भएको हुँदा तत्काल राहत स्वरुप प्रतिघर ५००० x ४= २०,०००।– बीस हजार नगर प्रमुख ज्यूको उपस्थितिमा वितरण गरिएकोले उक्त रकमको सोध भर्ना र वडा नं. १ चंघाट, हावाहुरीले टिनको जस्ता पाता उडाएर क्षति पुऱ्याएकोले पदम थारु लाई रु. ५०००।– रकम समेत नगरपालिकाको विपद् व्यवस्थापन शीर्षकबाट खर्च गरी भुक्तानी दिने निर्णय गरियो ।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

ख) बुद्धभूमी नगरपालिका वडा नं. ३ टाँकू निवासी मुमाराम आचार्य र वडा नं. ७ डेरवा निवासी पशुपति उपाध्याय दुवै जना विरामी भै उपचारको क्रममा घरको आर्थिक अवस्था नाजुक भई उपचार गर्न नसक्ने भएकोले निजहरुलाई आर्थिक सहायता शिर्षकबाट भुक्तानी हुने गरी क्रमश : रु. ५०००।– पाँच हजार र रु. ४०००।– चार हजार मात्र भुक्तानी दिने निर्णय गरियो।

११. १०८ औं नारी दिवस सम्बन्धमा।

निर्णय : बुद्धभूमी न.पा. मा मिति २०७४ फागुन २४ गते १०८ औं अन्तराष्ट्रिय नारी दिवस मनाउने सन्दर्भमा नारीहरुको लगभग ९०० जनाको अत्याधिक उपस्थिति भएको तर उपस्थिति हाजिरीमा सबैको उपस्थिति हुन नसकेता पनि चिया खाजा व्यवस्थापन समितिले खाजा खर्च बापत ८९० जनालाई खाजा खुवाएकोले उक्त रकम यथार्थ र पारदर्शी भएकोले भुक्तानी दिने निर्णय गरियो।

१२. खानेपानी तथा सरसफाई सम्बन्धमा।

निर्णय : पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजना अन्तर्गत यस आ.व. २०७४/०७५ का लागि बुद्धभूमी वडा नं. १ मा सञ्चालित २ योजनामा निर्माण पश्चातको सहयोगका लागि कार्यक्रम रहेकोमा मिति २०७४।१२।२० गते नगर प्रमुख र आयोजना सहयोग इकाई (TSU, जि.स.स.) को संयुक्त अनुगमनबाट टिक्कर खानेपानी आयोजनामा सहयोग पुर्‍याउनु पर्ने आवश्यकता देखिएकाले कपासी फच्कैया खानेपानी योजनाका लागि विनियोजित रकम बाट टिक्कर खानेपानी योजना सञ्चालनमा ल्याउने निर्णय गरियो। सञ्चालनमा ल्याउने क्रममा मर्मत संभारकोषको लागि नगरपालिकाले आवश्यक सहयोग पुर्‍याउने निर्णय गरियो।

१३. विविध तर्फः

निर्णय : सडक बोर्ड तर्फको रकम मध्येबाट निम्न योजनाहरुमा रु. ५,६०,०००।- विनियोजन गरी खर्च गर्ने निर्णय गरियो।

क) वडा नं. १० गगनी शिवालय चोकदेखि उत्तर/ पूर्व मल्लाह टोल सडक मर्मत ग्राभेल समेत रु. २ लाख

ख) वडा नं. २ जयनगर स्वा. चौकीमा फोहर व्यवस्थापन घर निर्माण रु. ८० हजार

ग) वडा नं. २ गोरुसिगेमा निर्माणाधिन अधुरो नाली निर्माणको लागि थप रु. २० हजार माग

घ) वडा नं. ७ बाबुडिहवा गाउँको अधुरो शिवालय मन्दिर मर्मत सम्भार रु. २ लाख

ङ) वडान नं. १ वडा कार्यालय भवनको सिडी माथि छाना बनाउने कामको लागि रु. ६० हजार

१३. १- नगर प्रोफाइल सम्वन्धमा।

नगर प्रोफाइल तयारीको लागि विनियोजित रकम रु. ७ लाख ७२ हजार खर्च गर्न प्रस्ताव गरिएको नम्संको परिधिमा रही काम सम्पन्न गर्ने गरी कन्टेन्जेन्सी शिर्षकबाट खर्च गर्ने निर्णय गरियो।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

१३. २- योजना परिवर्तन सम्बन्धमा ।

नगर स्तरीय साना पूर्वाधार विकास तर्फको योजनाको क्र.सं. ३६ प्रवेशद्धार निर्माण वडा नं. २ मा विनियोजित रु. ५ लाख कार्यान्वयन गर्ने चरणमा सडक डिभिजन कार्यालय शिवपुरबाट मापदण्ड अनुसार उक्त कार्य गर्न नमिल्ने भनी सुझाव भए बमोजिम उक्त रकम सोही वडाको गोरुसिङ्गे खहरे नालामा स्थान परिवर्तन गरी कल्भट मर्मत गर्ने निर्णय गरियो ।

१४. ताल ठेक्का सम्बन्धमा ।

निर्णय : बुद्धभूमी नगरपालिका वडा नं. ४ गेलवार स्थित गौरी तालका ठेकेदार रामप्रसाद चौधरीको निवेदनका सम्बन्धमा सम्झौता अनुसार निजले तिर्नु पर्ने बाँकी रहेको रकम एकमुष्ट रूपमा कार्यालयको खातामा जम्मा गरी भौचर पेश गरेमा गरी २ बर्षको लागि म्याद थप गर्ने निर्णय गरियो ।

१५. नयाँ बर्षको शुभकामना सम्बन्धमा ।

निर्णय : नयाँ बर्ष २०७५ को शुभ अवसरमा यस बुद्धभूमी नगरपालिकाका प्रतिनिधि सदस्य ज्यूहरु नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु, सेवाग्राही ज्यूहरु एवं सम्पूर्ण नगरवासी आमा बुवा, दाजूभाई, दिदीबहिनीहरु साथै देश विदेशमा रहनु भएको सम्पूर्ण नेपाली नागरिकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

नगर प्रमुख

Scanned by CamScanner